प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०७/०६


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब एकाउन्न प्रतिशत (५०.६५%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढिरहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १४८५०९ (१००%) | ७५२१९ (१००%) |
| निको भएको | १०२८२० (६९.२%) | ४७५७७ (६३.३%) |
| उपचाररत | ४४८७७ (३०.२%) | २७२६७ (३६.३%) |
| मृत्यु भएको | ८१२ (०.५५%) | ३७५ (०.४९%) |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०६ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०७/०६ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०७/०६

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीकोसंख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १२८ | ४६ | १७४ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ५१ | ७ | ५८ |

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाण्डौ | ८ | ६ पुरुष र २ महिला |
| मकवानपुर | ३ | २ पुरुष र १ महिला |
| चितवन | २ | २ पुरुष |
| धादिङ | १ | १ पुरुष |
| ललितपुर | १ | १ पुरुष |
| भक्तपुर | १ | १ पुरुष |
| जम्मा — १६ | | |

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- सामाखुशी, काठमाण्डौका ६७ वर्षिय पुरुष असोज १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको असोज १९ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र मृगौला रोगको समेत बिरामी हुनुहुन्थ्यो ।) रक्तकाली, काठमाण्डौका ६० वर्षिय पुरुष निमोनिया भई कार्तिक ४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो ।) जोरपाटी, काठमाण्डौका ६९ वर्षिय पुरुष असोज २४ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ। उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । काठमाण्डौकी ६८ वर्षिया महिला असोज ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको असोज २९ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो।)

- कोटेश्वर, काठमाण्डौका ६० वर्षिय पुरुष निमोनिया भई कार्तिक २ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको कार्तिक १ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च

रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो ।) बत्तीसपुतली, काठमाण्डौका ९६ वर्षिय पुरुष कार्तिक ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा सोहि दिन निधन भएको छ । उहाँको कार्तिक ३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो ।) बत्तीसपुतली, काठमाण्डौका ७१ वर्षिय पुरुष निमोनिया भई कार्तिक ३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको कार्तिक २ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो ।) काठमाण्डौकी ८० वर्षिया महिला मुटुको समस्या भई असोज ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ३० गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचाप र मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो।)

- हेटौंडा, मकवानपुरका ६६ वर्षिय पुरुष श्वासप्रश्वासमा समस्या भई असोज ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको असोज २८ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ थाइराएड समस्याको समेत बिरामी हुनुहुन्थ्यो ।) हेटौंडा, मकवानपुरका ५१ वर्षिय पुरुष निमोनिया भई असोज २६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ४ गते निधन भएको छ । उहाँको असोज ३० गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ उच्च रक्तचापको समेत बिरामी हुनुहुन्थ्यो।) हेटौंडा, मकवानपुरकी ३३ वर्षिया महिला निमोनिया भई असोज ३० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ । उहाँको असोज ३० गते कोभिड-१९ पुष्टि भएको थियो ।

- रत्ननगर, चितवनका ४० वर्षिय पुरुष निमोनिया र शक भई असोज २३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ४ गते निधन भएको छ । उहाँको असोज २३ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ क्यान्सरको समेत बिरामी हुनुहुन्थ्यो।) रत्ननगर, चितवनका ८५ वर्षिय पुरुष निमोनिया भई कार्तिक १ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा आज निधन भएको छ। उहाँको कार्तिक ५ गते कोभिड-१९ पुष्टि भएको थियो ।

- धादिङका ४५ वर्षिय पुरुष निमोनिया र शक भई असोज २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको असोज २६ गते कोभिड-१९ पुष्टि भएको थियो । सुन्धारा, ललितपुरका ८२ वर्षिय पुरुष असोज २९ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ४ गते निधन भएको छ । उहाँको कार्तिक २ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ दमको समेत बिरामी हुनुहुन्थ्यो।) ठिमी, भक्तपुरका ७१ वर्षिय पुरुष निमोनिया भई असोज २५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा कार्तिक ५ गते निधन भएको छ । उहाँको असोज २५ गते कोभिड-१९ पुष्टि भएको थियो । (उहाँ मधुमेहको समेत बिरामी हुनुहुन्थ्यो ।) उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७६१२ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ३०० जना बसिरहनुभएको छ भने १४१३ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४६३३ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७५१ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १८१२७ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १३७८७७ जनाको पिसिआर परिक्षण गरिएको छ ।

- जिल्लाबाट संकलन गरिएका स्वाबको रिपोर्टिंग तलको तालिकामा समावेश भएको तर स्थानीय स्थानीय र केन्द्रीय तहबाट संकलन भएका केहि स्वाबको रिपोर्टिंग हालसम्म पनि जिल्लाको रिपोर्टिंगमा समावेश गर्न नसकिएकोले स्वाबको संख्या कम देखिएको छ ।स्वाबको रिपोर्टिंग र आइसोलेसनमा बसेको विवरण लाई आगामी दिनमा व्यवस्थित गर्दै लगिनेछ ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | २६६६ | २१७४ | १०५०१ | ५३१६३ | ५१८८३ | १२८३ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २७४८ | ११२३४ | ७३७३ | १५७ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ७५ | १५६२ | ११५२५ | ४८९७ | ११२ | |
| रसुवा | २५५ | ० | ० | ३५ | ३ | ३९ | १३४० | ७४ | | |
| नुवाकोट | ५४९ | ३ | ७० | ४५ | १७ | १८४ | ५७९८ | ४९२ | ४३ | |
| धादिङ | ३१५ | ० | १८ | १५५ | ५३ | ४२२ | ५१६५ | १०५० | ५२ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | १०७२ | १५७७९ | ३९१८ | ८३ | |
| सिन्धुली | ३१३ | १७ | २५ | ४३ | २० | ११५ | ३६७५ | ३२३ | | |
| मकवानपुर | १५५ | ३ | ० | २६० | १०० | ८८४ | १४३४५ | २८८३ | १०१ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ४५ | १४७९ | ३११ | ११ | |
| दोलखा | १९३ | २ | ३ | ४४ | १० | १६ | २३०७ | २३६ | ७ | |
| काभ्रेपलान्चोक | ५९७ | १३ | ६६ | १७६ | ९० | ४०४ | ६५०५ | १३०४ | ९ | |
| सिन्धुपाल्चोक | ७५४ | ३ | १०१ | १२६ | ४६ | १३५ | ५५६२ | ४७५ | ३० | |
| जम्मा | ७६१२ | ३०० | १४१३ | ४६३३ | ३७५१ | १८१२७ | १३७८७७ | ७५२१९ | १८८८ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ११६०१ | २७४ | ८२० | १२० जनाः काभ्रेपलान्चोक-४७, रामेछाप-१६, दोलखा-१२, सिन्धुली-११, सिन्धुपाल्चोक-१०, भक्तपुर-९, उदयपुर-३, अर्घाखाँची-१, फलोअप-११ | ७२४ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २९१११ | ० | १७४ | ४९ जनाः मकवानपुर-४३, फलोअप-६ | १२५ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : **https://covid19.mohp.gov.np/#/**

**-नेपाल सरकार गृह मन्त्रालय :** **https://covid19.ndrrma.gov.np/**

**-कोभिड१९ संकट ब्यबस्थापन केन्द्रः** **ccmc.gov.np**

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः **http://www.edcd.gov.np/news/covid-19-situation-updates**

**-विश्व स्वास्थ्य संगठन / नेपालः** **https://www.who.int/nepal**

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई